# कटहरी गाउँपालिकाको बाल क्लब /सन्जाल गठन तथा परिचालन कार्यविधि,२०८०

जारी मिति: २०८०।११।१७

CamScanner

# कटहरी गाउँपालिकाको बाल क्लब/सन्जाल गठन तथा परिचालन कार्यविधि,२०८०

कटहरी गाउँपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्द्धनका लागि यस गाउँपालिकाका सबै वडामा गठन गरिने वडा स्तरीय बाल क्लब र गाउँपालिका स्तरीयबाल क्लब/सन्जाल गठन तथा परिचालनमा एकरुपता ल्याउने उद्देश्यले कटहरी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कटहरी गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "कटहरी गाउँपालिकाको बाल क्लब/सन्जाल गठन तथा परिचालन कार्यविधि, २०८०" रहेको छ ।

(२). यो कार्यविधि कटहरी गाउँकार्यपालिकाबाट अनुमोदन भएको भोलिपल्टदेखि कटहरी गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "कार्यविधि" भन्नाले कटहरी गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०७६ लाई सम्झनुपर्छ ।

(ख) "पदाधिकारी" भन्नाले वडा स्तरीय बाल क्लब तथा गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिवलाई सम्झनुपर्छ ।

(ग) "कार्यकारी सदस्य" भन्नाले वडा स्तरीय तथा गाउँपालिका स्तरीय कार्यकारी समितिका सदस्यलाई सम्झनुपर्दछ ।

(घ) "साधारण सदस्य" भन्नाले वडा स्तरीय बाल क्लबमा सूचिकृत सम्बन्धित वडाभित्रका अठार वर्ष मुनिका सबै बालबालिकालाई सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले कटहरी गाउँपालिका तथा मातहतका वडा कार्यालयहरु समेतलाई सम्झनुपर्छ ।

(च) "बालक्लब" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय बाल क्लब तथा आवश्यकताअनुसार गाउँपालिका स्तरीय बाल क्लब समेतलाई सम्झनुपर्दछ ।

(छ)"अध्यक्ष" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरिय बाल क्लब तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष समेतलाई सम्झनुपर्छ ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष

CamScanner

(ञ) "कार्यकारी समिति" भन्नाले वडा स्तरीय बाल क्लबको पदाधिकारी सहितको पन्ध्र सदस्यीय समिति तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय पदाधिकारी सहितको पन्ध्र सदस्यीय समिति समेतलाई सम्झनुपर्छ ।

(झ) सहजकर्ता भन्नाले बालक्लब तथा सन्जालको गठन र सन्चालनकोलागि सहजीकरण गर्न यस कार्यविधि बमोजिम नियुक्त गरिएको व्यक्तिलाई जनाउनेछ।

(ञ)विशिष्टिकृत बालक्लब भन्नाले विश्वव्यापी प्रचलनमा रहेका नियम तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका क्लबहरु( जुनियर रेडक्रस,लियोक्लब,रेयुकाई समूह जस्ता विशेष क्लबहरुलाई जनाउनेछ।

ट) संरक्षक शिक्षक भन्नाले विद्यालय स्तरमा गठन भएका बालक्लबलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउनेछ।

ठ) बाल सन्जाल भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका क्षेत्र गठन भएका वडा र गाउँपालिका स्तरीय बालक्लबहरुको सन्जाल जनाउनेछ।

**(३) क्लब गठनका लागि सूचना प्रवाह गर्नुपर्ने:** यो कार्यविधि लागू भएपछि पहिलो पटकका लागि गाउँपालिकाका सम्बन्धित वडा कार्यालयहरुले कम्तीमा १५ दिन अगावै आफ्नो क्षेत्रभित्र अठार वर्ष मुनिका बालबालिकाहरु मात्र सम्मिलित क्लब गठन गर्ने मिति, समय, स्थान तथा अन्य आवश्यक कुराहरु खुलाई स्थानीय सञ्चार माध्यम समेतबाट सूचना प्रवाहको व्यवस्था मिलाउनु पर्नेछ ।

**(४) क्लब गठन गर्नुपर्ने :** नियम ३ बमाजिम उल्लिखित मिति समय र स्थानमा पहिलो पटकका लागि क्लब गठन गर्न गाउँ कार्यपालिकाले तोकेको एकजना कार्यपालिकाको सदस्य, सम्बन्धित वडाको वडाअध्यक्ष र सम्बन्धित वडाको कम्तीमा एकजना महिला वडा सदस्यको अनिवार्य उपस्थितिमा उपस्थित बालबालिकाहरुको भेलाबाट साविक गाँउ विकास समीतिका वडाबाट कम्तिमा दुई दुई जना पर्ने गरी ५० प्रतिशत महिला र ५० प्रतिशत पुरुषको प्रतिनिधित्व हुने गरी सकभर समावेशीता समेतलाई सम्बोधन गर्दै सर्वसम्मत हुने गरी १५ सदस्यीय क्लबको पदाधिकारी सहितको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

**(५) क्लब दर्ता तथा नवीकरण :** कार्यविधिको बुँदा ४ बमोजिम गठन हुने प्रत्येक क्लबको दर्ता तथा नविकरण अनुसूचि १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयले गर्नुपर्दछ ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष

५(१) बालक्लबहरु देहायका प्रकारका हुनसक्नेछन्।

क) **समुदायमा आधारित बालक्लब** :निश्चित भौगोलिक क्षेत्रका बालबालिका समेटिएको।

**ख) विद्यालयमा आधारित बालक्लब**

- कुनै विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई समेटेर गठन गरिएको बालक्लब।
- सबै जातजाति,कक्षा,लिङ्ग,र शारीरिक हैसियतका बालबालिकाको प्रतिनिधित्व र सहभागिताको सुनिश्चित भएको।
- सम्बन्धित विद्यालयमा भर्ना भई अध्ययनरत बालबालिका।

ग) **विशिष्टीकृत बालक्लब**: विश्वव्यापी प्रचलनमा रहेका नियम तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका क्लबहरु( जुनियर रेडक्रस,लियोक्लब,रेयुकाई समूह जस्ता सँस्थागत बालक्लबहरु)

घ) **विषयगत बालक्लब**: बालबालिकाका मात्र सवालमा आधारित,जलवायु परिवर्तन,एड्स जस्ता महामारी र प्रकोपजन्य,बालश्रम जस्ता विषय सम्बन्धित।

५(२) बालक्लब गठन गर्नकालागि न्युनतम २५ जना बालबालिकाहरुको उपस्थिति हुनुपर्नेछ।

५(३) बालक्लबको कार्यसमितिको संख्या ७ देखि ११ सदस्य सम्मको बनाउन सकिनेछ।

५(४) बालक्लबको नेतृत्व गर्ने अवधि २ वर्षको हुनेछ।

५(५) बालक्लबको नेतृत्वमा उपलब्ध भएसम्म बालिका,लोपोन्मुख ,दलित जातजाति,अपाङ्ग र जनजातिहरुलाई समेट्नुपर्छ।

५(६) विद्यालयमा आधारित बालक्लब गठन गर्दा सबै कक्षामा सूचना प्रवाह गर्नुपर्दछ।साथै विद्यालय परिसर भित्रै प्रधानाध्यापक,तोकिएको शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गठन गर्नुपर्दछ।

५(७) बालक्लब सन्जाल: वडा तथा पालिकास्तरमा सूचीकृत भएका बालक्लबहरु एक आपसमा सहयोग र समन्वय गरी काम गर्न गठन बालक्लबहरुको समूह हो। यसमा बुँदा नं. (क) देखि (घ) सम्मका क्लबहरु सम्मिलित हुन सक्नेछन्।

५(८) बालक्लब सन्जाल वडा र पालिकास्तरमा गठन गर्न सकिनेछ।

५(९) बालक्लब र सन्जाल गठन गर्दा क्रमश: वडा र पालिका तहमा रहेका बालक्लबहरुको भेला गराउनुपर्नेछ।

देवराज चौधरी
अध्यक्ष

CamScanner

५(१०) बाल सन्जालको पुनर्गठन प्रत्येक बर्ष गर्नुपर्दछ।

**(६) वार्षिक साधारण सभा र नेतृत्व चयन :**

(१) सम्वन्धित वडा कार्यालयसँग समन्वय गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र कम्तिमा ७ दिन अगावै प्रत्येक क्लबको अध्यक्षले वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम वार्षिक सभा नबोलाइएको अवस्थामा सम्बन्धित वडाका वडाअध्यक्षले ७ दिनभित्र सम्बन्धित क्लबको वार्षिक साधारण सभा बोलाई दिनुपर्नेछ ।
(३) वार्षिक साधारण सभाको गणपुरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

(४) वार्षिक साधारण सभाको अध्यक्षता क्लबको अध्यक्षले गर्नेछ । र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । क्लबको अध्यक्ष र उपाध्यक्ष दुवै अनुपस्थित भएमा उपस्थित बहुमत सदस्यहरुले छानेको सदस्यले वार्षिक साधारण सभाको अध्यक्षता गर्नेछ।
(५) वार्षिक साधारण सभाले प्रत्येक आर्थिक वर्षका लागि पदाधिकारी र कार्यकारी सदस्य सहितको नेतृत्व चयन गर्नेछ र यसरी नेतृत्व चयन गर्दा विगतका क्लबमा बसेको व्यक्ति पुनः पदाधिकारी (नेतृत्व) बस्न पाउने छैन तर कार्यकारी सदस्यमा एक पटक सम्म दोह्रोरिन पाउने छ।

(६) उपनियम ५ बमोजिम नेतृत्व चयन गर्दा नियम ३ मा उल्लेख गरिए बमोजिमको पदाधिकारीहरुको रोहवरमा सोही नियममा उल्लेखित प्रावधानको अवलम्बन गरी क्लबको १५ सदस्यीय नयाँ कार्यकारी समिति चयन गनुपर्नेछ ।

**(७) कार्यकारी समितिः** (१) प्रत्येक क्लबमा एक कार्यकारी समिति रहनेछ ।
(२) कार्यकारी समितिको वैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।
(३) कार्यकारी समितिको बैठकमा कार्यकारी समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
(४) कार्यकारी समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ।
(५) उपनियम ४ बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यकारी समितिमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यकारी

कटहरी गाउँपालिका ... कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष

समितिको निर्णय हुनेछ ।

(६) वार्षिक साधारण सभा गर्ने भनी कार्यविधिमा स्पष्ट व्यवस्था भएकोमा बाहेक क्लबबाट सम्पादन हुने काम कारबाही क्लबको कार्यकारी समितिले गर्नेछ ।

(७) कार्यकारी समितिको बैठकमा सम्बन्धित वडाको एक जना प्रतिनिधिलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ।

**(८) अभिलेख राखिदिनु पर्ने :**

प्रत्येक क्लबले आफ्नो काम कारबाही व्यवस्थित र पारदर्शी गर्नका लागि तयार गरेका देहाय बमोजिमका अभिलेखहरु सम्बन्धित वडा कार्यालयको वडा सचिवले अद्यावधिक राखिदिनुपर्नेछ,

(क) सदस्य दर्ता अभिलेख,

(ख) साधारण सभा र कायकारी समितिसँग सम्वन्धित सम्पूर्ण अभिलेख,

(ग) गाउँपालिकाले तोकेको अन्य आवश्यक कुराहरु ।

घ) बालक्लब तथा सन्जालहरुको आबध्दता तथा सूचीकरण सम्वन्धी अन्य व्यवस्थाहरु

१) समुदाय तथा वियालयमा गठन भएका बालक्लब तथा सन्जालहरु गठन भएको मितिले ३० दिन भित्र वडा कार्यालय अथवा गाउँपालिकामा सूचीकृत हुनुपर्दछ।

२) कुनैपनि बालक्लब वा सन्जाल सूचीकरण हुँदा त्यसको नाम,उद्देश्य,कार्यसमितिको नाम,सहजकर्ताको नाम,सम्पर्क स्थान र सम्पर्क नम्बर आबध्दता रहेको कार्यालय समेत खुलाएको हुनुपर्दछ।

३) सूचीकृत बालक्लब वा सन्जालहरु प्रत्येक बर्ष नवीकरण हुनुपर्नेछ।यसरी नवीकरणका लागि निवेदन,बार्षिक भेलाको उपस्थिति र पुनर्गठित वा वियमान कार्यसमितिको नामावली,अघिल्लो बर्ष सम्पन्न गरेका कार्यक्रमहरुको सूची सहित प्रगति प्रतिवेदनको प्रतिलिपि संग्लग्न गर्नुपर्दछ।

४) वियालयमा आधारित बालक्लब नवीकरण गर्दा सम्बन्धित वियालयको शिफारिस पत्र पनि संग्लग्न गरेको हुनुपर्दछ।

**(९) क्लबको सदस्यता प्राप्ति र निलम्बन :**

(१) क्लबको कार्य क्षेत्रभित्रका प्रत्येक घरधुरीका ५ बर्ष पुगेका र १८ वर्ष मुनिका बालबालिकाले क्लबको सदस्यता लिन चाहेमा सम्बन्धित वडा सचिव मार्फत

देवराज चौधरी
अध्यक्ष

कार्यकारी समिति समक्ष सदस्यता प्राप्तिका लागि आवेदन दिनुपर्नेछ र क्लबको कार्यकारी समितिले आफ्नो कार्य क्षेत्रभित्रको बालबालिका भए नभएको यकीन गरी कार्य क्षेत्रभित्रको भए साधारण सदस्यमा सूचिकृत गनुपर्नेछ ।

(२) कार्याविधि विपरीत कार्य गर्ने क्लबको कुनै पनि सदस्यलाई क्लबको कार्यकारी समितिको बहुमत सदस्यले निर्णय गरी बढीमा छ महिना सम्मका लागि सदस्य पदबाट निलम्बन गर्न सक्नेछ ।

<u>(१०) क्लबको काम, कर्तव्य र अधिकार</u> : यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारका अलावा प्रत्येक क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) क्लबमा आवद्ध सदस्य सहित १८ वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ वक्तृत्वकला, निवन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने ।

(ख) विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्वन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने ।

(ग) गाउँपालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामूलक कार्यमा सक्रिय सहभागिता जनाउने ।

(घ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सूचकहरु कार्यान्वयनमा सदैव सचेत रही बालमैत्री कटहरी गाउँपालिका निर्माण अभियानमा अग्रसर भई गाउँपालिकालाई निरन्तर सहयोग गर्ने ।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका तथा टोल विकास सँस्थाहरुलाई सहयोग गर्ने ।

(च) कटहरी गाउँपालिकालाई मुलुकमै नमुना गाउँपालिकाको रुपमा स्थापना गर्ने तर्फ सदैव अग्रसर रहने ।

(छ) आफ्नो वडालाई शैक्षिक वन्द, हड्ताल निषेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने।

(ज) क्लवले आफूलाई प्राप्त जिम्मेवारी कार्यान्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढिमा ५ जना साधारण सदस्यहरु सम्मिलित उपसमितिहरु गठन

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

देवराज चौधरी
अध्यक्ष

गर्न सक्ने ।

(झ) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने।

<u>(११) अध्यक्षको काम, कर्तव्य र अधिकार</u> : यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएको काम, कर्तव्य र अधिकारको अलावा प्रेत्यक क्लबको अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभा र कार्यकारी समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) वार्षिक साधारण सभा र कार्यकारी समितिको बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने गराउने ।

(ग) गाउँसभा, गाउँपालिका एवं क्लबको साधारण सभा र कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्ने गराउने सदैव तल्लीन रहने ।

(घ) कार्यकारी समितिको कामको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने

(ङ) क्लबको प्रतिनिधित्व एकल रुपमा गर्नुपर्ने भएमा सो कार्य गर्ने

(च) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने

<u>(१२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :</u> प्रत्येक क्लबको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार समाल्ने

(ख) क्लबका सदस्यहरुलाई तोकिएको काममा सहजीकरण र समन्वय गर्ने

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने

<u>(१३) सचिवको काम, कर्तव्य र अधिकार</u> : प्रत्येक क्लबको सचिवको काम, र अधिकार देहायबमोजिम हुनेछ ।

(क) साधारण सभा र कार्यकारी समितिको सचिवको रुपमा काम गर्ने

(ख)साधारण सभा र कार्यकारी समितिको निर्णयको अभिलेख सम्बन्धित वडा सचिवलाई बुझाउने ।

(ग) अध्यक्षको निर्देशनमा साधारण सभा र कार्यकारी समितिको बैठकको लागि पत्राचार गर्ने ।

(घ) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

<u>(१४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u> : प्रेत्यक क्लबको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष

(क) क्लबमा आवद्ध सदस्यहरुले स्वेच्छाले संकलित कोषको हिसाब तथा अभिलेख दुरुस्त राख्ने।

(ख) क्लबबाट संचालित कार्यक्रमहरुको अभिलेख राख्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

(१५) <u>सहसचिवको काम, कर्तव्य र अधिकार :</u> प्रत्येक क्लबको सहसचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सचिवको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने।

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

१६. <u>कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकार :</u> प्रत्येक क्लबको कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क)कार्यकारी समितिको बैठकमा भाग लिई निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउने ।

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

१७.<u>साधारण सदस्यको काम, कर्तव्य र अधिकार:</u> कार्यविधिको नियम ९ को उपनियम (१) बमोजिम क्लबमा आबद्द साधारण सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभामा भाग लिई निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउने ।

(ख) आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम कार्यान्वयनमा क्लबलाई रचनात्मक सल्लाह सुझाव सहित निरन्तर सहयोग गर्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

<u>१८) सहजकर्ताको व्यवस्था</u>

१) बालक्लब तथा बाल सन्जालको गठन,सन्चालन ,बैठक तथा योजना निर्माण ,स्रोत संकलन गर्ने र सहजीकरण एक सहजकर्ता हुनेछ।

२) सहजकर्ताको नियुक्ति सम्बन्धित वडा तथा पालिकाले गर्नेछ। तर विद्यालयमा आधारित बालक्लबको सहजकर्ता शिक्षकहरु मध्येबाट प्र.अ.ले गर्नुपर्नेछ साथै समुदायमा आधारित बालक्लबको सहजकर्ता पालिका स्तरीय बालमैत्री शासन

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष

CamScanner

समन्वय समितिका तर्फबाट समेत तोक्न सकिनेछ।सहजकर्ताको नियुक्ति प्रकृयामा बालक्लबको सहमति र सहभागितामा हुनुपर्नेछ।

३) सहजकर्ताले बालक्लब तथा बाल सन्जालबाट कुनै किसिमको नगदी ,जिन्सी वा पारिश्रमिक लिनुहुँदैन तर वडा कार्यालय वा पालिकाले निजलाई निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन बाधा पर्ने छैन।

४) सहजकर्ताको शैक्षिक योग्यता न्यूनतम १२ कक्षा उत्तीर्ण र उमेर १८-४० वर्षको हुनुपर्नेछ।

५) सहजकर्ताको छनोट गर्न निम्न प्राथमिकताका आधारमा गर्नुपर्नेछ,

क) कुनैपनि राजनीतिक दलमा सक्रिय जिम्मेवारीमा नरहेको।

ख) बालअधिकार बारे सचेत र जानकार रहेको।

ग) बालमैत्री ब्यवहार बारे सचेत रहेको।

घ) फौजदारी अभियोग प्रमाणित नभएको र अपराधिक गतिविधिमा संग्लग्न नरहेको।

ङ) सम्बन्धित पालिका वा वडामा बसोबास भएको।

च) मदिरा,चुरोट र लागूपदार्थमा अम्मल नभएको व्यक्ति।

**१९. प्रतिवेदन र पुरस्कारः-**

(१) सम्बन्धित वडा कार्यालयले आफ्नो वडाको क्लबबाट सम्पादित क्रियाकलापहरुको प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा चौमासिक रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा गाउँपालिकाको प्रत्येक आर्थिक वर्षमा सबैभन्दा उत्कृष्ट र सिर्जनात्मक कार्य सम्पादन गर्ने एउटा क्लबलाई क्षमता बिस्तार तथा सुदृढीकरणका लागि नगद अनुदान सहित पुरस्कृत गर्नेछ ।

**२०. गाउँपालिका स्तरीय बाल क्लब/सन्जालको गठन, काम, कर्तव्य र अधिकार :-**

(१) कार्यविधि बमोजिम प्रत्येक वडामा गठन हुने वडा स्तरीय बाल क्लबहरुको कार्यकारी समितिबाट तीन/तीन जना पदाधिकारीको प्रतिनिधित्व रहने गरी एक जना अध्यक्ष, उपाध्यक्ष, एकजना सचिव, एकजना कोषाध्य, एक जना सहसचिव र अन्य दश जना कार्यकारी सदस्य सहित पन्ध्र सदस्यीय एक गाउँपालिका स्तरीय बाल क्लबको गठन गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यको उपस्थितिमा हुनेछ । यसरी गठन हुने

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष

CamScanner

गाउँपालिका स्तरीय क्लबको दर्ता तथा नवीकरण अनुसूची २ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा गर्नुपर्नेछ।

(२) एक पटक गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष भएको व्यक्ति पुनः अध्यक्ष पदमा नदोहोरिने गरी प्रत्येक वर्ष उपनियम (१) मा उल्लेखित प्रक्रिया अवलम्बन गरी गाउँपालिका स्तरीय क्लब/सन्जालको पुर्नगठन गर्नु पर्नेछ ।

(३) गाउँपालिका स्तरीय बाल क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)प्रत्येक वडा स्तरीय क्लबमा आवद्ध सदस्यसहित अठार वर्षमुनिका सबै बालबालिकाहरुको व्यक्तित्व र क्षमता विकास अभिवृद्धि हुने खालका गाउँपालिका स्तरीय हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि ,गुणस्तरीय पठनपाठन, असल आनीबानीको विकास ,व्यक्तिगत सरसफाई जस्ता कृयाकलापमा मदत गर्ने किसिमका कृयाकलापहरु संचालन गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्वन्धित वडा कार्यालय एवं गाउँ कार्यपालिकाको कार्यालयसँग आवश्यक समन्वय गरी विद्यालय भर्ना व्यवस्था मिलाउने ।

(ग) गाउँपालिका तथा प्रत्येक वडाभित्रका टोल विकास संस्थाहरुले संचालन गर्ने जनचेतानमूलक कार्यहरु,सामुदायिक सेवा सम्वन्धी कृयाकलापहरुमा संग्लग्नता र सक्रिय सहभागिता जनाउने । .

(घ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री कटहरी गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने ।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने।

(च) कटहरी गाउँपालिकालाई मुलूककै नमुना गाउँपालिकाको रुपमा स्थापना गर्न सदैव अग्रसर रहने ।

(छ) गाउँपालिकालाई शैक्षिक बन्द हडताल निषेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने

(ज) बालअधिकारको प्रचार प्रसार सम्वन्धी कार्यहरु

(झ) जोखिममा परेका बालबालिकाहरुलाई आवश्यक थप सेवा संप्रेषण सम्वन्धी कार्यहरु।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज ... अध्यक्ष

CamScanner

ञ) बालबालिकाका सवाल तथा समस्याहरु सम्बन्धित सरोकारवालाहरु समक्ष राख्ने र ती सवाल तथा समस्याहरुलाई संबोधन गर्ने ऐन,कानुन ,नीति तथा कार्यक्रम र योजना वनाउनका लागि प्रभाव पार्ने किसिमका कृयाकलापहरु जस्तै बालभेला,बाल अन्तरकृया,बाल सुनुवाई ,सरोकारवालाहरु सँग भेटघाट,विज्ञप्ति निकाल्ने, वयस्कंहरुले आयोजना गरेका यस्ता कार्यक्रमहरुमा प्रतिनिधित्व गर्दै आफ्ना कुराहरु राख्ने आदि।

(ट) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने।

**२१) क्लबको कार्यकारी समितिको निलम्बन वा खारेजी :**

(१) देहायका उल्लेखित कुनै पनि अवस्थामा सम्बन्धित वडा समितिले वडा स्तरीयबाल क्लबको कार्यकारी समितिलाई अर्को व्यवस्था नहुन्जेल सम्मको लागि निलम्वन वा खारेजी गर्न सक्नेछ,

(क) कार्यविधिमा उल्लेखित समयावधिमा वार्षिक साधारण सभा वा कार्यकारी समितिको वैठक नबसेमा,

(ख) कार्यविधिमा उल्लिखित प्रावधान विपरीतको कार्य गरेको प्रमाणित भएमा, (ग) गाउँपालिकाले दिएको निर्देशनको बारम्बार उल्लघंन गरेमा,

(२) उपनियम (१) बमोजिम कुनै पनि क्लबको कार्याकारी समितिलाई निलम्वन वा खारेजी गर्नु अघि वडा समितिले उक्त क्लबको कार्यकारी समितिलाई ७ दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनेछ ।

(३) उपनियम (२) बमोजिमको समयावधिमा क्लबको कार्यकारी समितिले चित्तबुझ्दो सफाई पेश गरेको वडा समितिलाई लागेमा वडा समितिले क्लबको कार्यकारी समिति निलम्वन वा खारेजी प्रक्रियालाई स्थगन गर्न सक्नेछ ।

(४) उपनियन (१) बमोजिम कुनै पनि क्लबको कार्यकारी समिति खारेजी भएमा सम्बन्धित वडाले कार्यविधिको दफा ४ बमोजिमको प्रक्रिया अवलम्बन गरी क्लबमा सूचिकृत सदस्यहरुको भेलाबाट पुनः क्लबको नयाँ कार्यकारी समिति गठन गर्नुपर्दछ ।

(५) गाउँपालिका स्तरीय बाल क्लबको कार्यकारी समितिको निलम्बन वा खारेजीको हकमा

कटहरी गाउँपालिका ... कटहरी, मोरङ ... नेपाल

देवराज चौधरी
अध्यक्ष

उपनियम (१) को खण्ड (क), (ख) र (ग) मा उल्लिखित प्रावधान बमोजिम कार्य गरेको भनी कार्यपालिकालाई लागेमा उपनियम (२) र (३) बमोजिमको प्रक्रिया कार्यपालिकाले अवलम्बन गरी क्लबको निलम्वन वा खारेजीको प्रक्रियाका बारेमा कार्यपालिकाले उपयुक्त निर्णय लिन सक्नेछ । तर, वडा स्तरीयबाल क्लब उपनियम (१) बमोजिम निलम्बन वा खारेजी भएको अवस्थामा उक्त क्लबबाट गाउँपालिका स्तरीय बाल क्लबमा प्रतिनिधित्व गर्ने पदाधिकारीको पद रिक्त भएको मानिनेछ र उपनियम (४) बमोजिम सम्बन्धित क्लबले पूर्णता पाएपछि उक्त क्लबबाट गाउँपालिकास्तरीय बाल क्लबमा रिक्त भएको पद स्वतः पूर्ति गर्नुपर्नेछ ।

**२२. क्लब गठनमा लैगिंक समावेशिता कायम गर्नुपर्ने :**

(१) यस कार्यविधि बमोजिम गठन गरिने वडा स्तरीय बाल क्लब तथा गाउँपालिका स्तरीय बाल क्लबको कार्यकारी समितिमा सकभर महिला र पुरुषको बराबरी उपस्थितिमा हुने व्यवस्था मिलाउनु पर्नेछ भने अध्यक्ष र सचिव पदमा एक जना महिला र एकजना पुरुषको अनिवार्य सुनिश्चितता मिलाउनुपर्नेछ ।

२३) बिविध

१)विद्यालयमा रहेका बालक्लबहरु विद्यालय व्यवस्थापन समितिसँग आवध्द हुनुपर्दछ।

२)विद्यालयको वार्षिक योजना तथा कार्यक्रम निर्माण गर्दा बालक्लबको सहभागिता हुनुपर्नेछ र उनीहरुको समस्या तथा सवालहरुलाई ति योजना र कार्यक्रहरुले यथासक्य सम्बोधन गरिनुपर्छ।

३) विद्यालय व्यवस्थापन समितिको वैठकमा बालक्लब प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउनुपर्दछ।तर शिक्षक नियुक्ति,ठेक्कापट्टा,अनियमितता जस्ता विषयहरुको छलफलमा बालक्लबलाई प्रत्यक्ष सहभागी गरांइनुहुँदैन।

४) बालक्लब तथा सन्जाल भित्र दलगत राजनीतिक प्रभाव हुनुहुँदैन। यसका लागि

क)बालक्लब तथा सन्जालका सदस्यहरु र सहजकर्ता कुनै पनि राजनीतिक दल वा तिनका भातृ संगठन सँग सम्बन्ध नरहेको व्यक्ति नरहेको हुनुपर्दछ।

ख) बालक्लब तथा सन्जालले कुनै एक राजनीतिक दल वा क्लबसँग मात्र सहकार्य गरेर कुनैपनि कार्यक्रम वा कृयाकलाप गर्नुहुँदैन।

ग) बालक्लब तथा सन्जालले कुनै एक राजनीतिक दलको पक्ष वा विपक्षमा कुनैपनि कार्यक्रम वा कृयाकलाप गर्नुहुँदैन।

देवराज चौधरी
अध्यक्ष

CamScanner

घ) बालक्लब तथा सन्जालले कुनै सार्वजनिक पद धारण गरेको ,निर्वाचित वा राजनीतिक नियुक्त व्यक्ति बाहेकका राजनीतिक दलका प्रमुख वा प्रतिनिधिलाई प्रमुख अतिथि ,अतिथि र सहजकर्ता बनाउनु हुँदैन।

ङ) बालक्लब तथा सन्जालले बालअधिकार प्रबर्धन र संरक्षण का विषयमा सबै राजनीतिक दलहरु सँग खुला छलफल र अन्तरकृया गर्न सक्नेछन्।

च) बालक्लब तथा सन्जालले सहजकर्ताको र आफ्नो आचारसंहिता तयार गर्नुपर्नेछ।

२४) यसमा लेखिएको बाहेकका अन्य कुराहरु प्रचलित व्यवस्था अनुसार हुनेछ।

देवराज चौधरी
अध्यक्ष

अनुसूची – १ (नियम ३ सँग सम्बन्धित )

कटहरी गाउँपालिका

....... नं. वडा कार्यालय

मोरङ्ग, कोशी प्रदेश, नेपाल

## बाल क्लब दर्ताको प्रमाण-पत्र

दर्ता न :-

कटहरी गाउँपालिका क्षेत्रभित्र बालमैत्रि शासन प्रवर्द्धनका लागि कटहरी गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८० नियम ३ बमोजिम कटहरी गाउँपालिकाको वडा नं. .. भरी आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको बालक्लब दर्ता गरी यो प्रमाण- पत्र प्रदान गरिएको छ ।

(क) क्लबको नाम : वडास्तरीय बाल क्लब वडा नं...

(ख) क्लब रहने ठेगाना : वडा नं..... कटहरी ,मोरङ्ग, कोशी प्रदेश, नेपाल ।

द्रष्टव्य : कार्यविधिको नियम (५) बमोजिमको प्रत्येक वर्ष वार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लबको नवीकरण गर्नु पर्दछ।

क्लब दर्ता गर्ने अधिकारीको नाम, थर र दर्जा:

दस्तखत:

नाम, थर : ........

दर्जा:..................

वडा नं.: .............

| क्र.स. | नवीकरण बहाल रहने अवधि | | नवीकरण गर्ने कार्यालयको छाप र हस्ताक्षर |
|---|---|---|---|
| | देखि | सम्म | |
| | | | |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष

अनुसुची - २ (नियम ३ सँग सम्बन्धित )

कटहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कटहरी,मोरङ्ग, कोशी प्रदेश, नेपाल

## गाउँपालिका स्तरीय बाल क्लब दर्ताको प्रमाण-पत्र

दर्ता नं: ......

कटहरी गाउँपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्धनका लागि कटहरी गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८० को नियम ३ बमोजिम गाउँपालिका क्षेत्रभरि आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको हुने गरी बाल क्लब दर्ता गरी यो प्रमाण- पत्र प्रदान गरिएको छ।

(क) क्लबको नाम : ..........................................................

(ख) क्लब रहने ठेगाना : कटहरी......... ,मोरङ्ग, कोशी प्रदेश, नेपाल ।

द्रष्टव्य : कार्यविधिको नियम (५) बमोजिमको प्रत्येक वर्ष वार्षिक साधारणसभा गरी नियम (३) बमोजिम क्लबको नविकरण गर्नुपर्दछ।

क्लब दर्ता गर्ने अधिकारीको नाम, थर र दर्जा:

दस्तखत: ................................

नाम, थर : ................................

दर्जा: ....................................

कार्यालय: ................................

नविकरण

| क्र.स. | नवीकरण बहाल रहने अवधि | | नवीकरण गर्ने गाउँपालिकाको कार्यालयको छाप र हस्ताक्षर |
|---|---|---|---|
| | देखि | सम्म | |
| | | | |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ्ग कोशी प्रदेश

देवराज चौधरी
अध्यक्ष

बालक्लब तथा सन्जालका पदाधिकारीहरुका लागि नमुना आचारसंहिता

१) बीस बर्ष नपुग्दै आफूले पनि विवाह नगर्ने र बालविबाहसँग सम्बन्धित कुनैपनि कृयाकलापलाई सहयोग नगर्ने।

२) कुनैपनि प्रकारको मध्यपान,धुम्रपान,सूर्तीजन्य पदार्थ तथा लागू पदार्थको सेवन नगर्ने।

३)सार्वजनिक बिदा वा विद्यालय विदाको दिन बाहेक अरु दिन नियमित विद्यालय जाने।

४) विद्यालयमा आयोजना गरिने अतिरिक्त कृयाकलापहरुमा सकृय सहभागी हुने र आयोजना गर्ने कुरामा विद्यालयलाई सहयोग गर्ने।

५) लिङ्ग,जाति,शारीरिक अवस्था जस्ता कुराको आधारमा कुनै पनि बालक बालिकालाई भेदभावपूर्ण व्यवहार नगर्ने।

६) कुनैपनि बालक वा बालिका उपर दुर्व्यबहार नगर्ने वा सो गर्न अरुलाई पनि नदिने।

७) फुर्सदको समयलाई सिर्जनात्मक कृयाकलापहरुमा प्रयोग गर्ने।

८) आफूलाई जोखिम नहुने गरी घर वरिपरिको कामकाजमा सघाउने।

९) टेलिभिजन ,रेडियो ,मोबाइल,इन्टरनेट जस्ता सन्चार उपकरण तथा सुविधाको दुरुपयोग नगर्ने ।तर आबश्यक सूचना तथा जानकारी प्राप्त गर्न र आफ्नो पढाईलेखाई लाई मजबुत बनाउन प्रयोग गर्ने।

१०) आफ्नो अधिकारको प्रयोग गर्दा अरुहरुलाई हानी नोक्सानी नहुने गरी गर्ने।

११) आफू भन्दा सानो उमेरका भाई बहिनीहरुलाई मायाँ तथा हेरचाह गर्ने।

१२) अभिभावक ,शिक्षक र प्रौढहरुको पनि कुरा सुन्ने र अनुकरणीय पक्षहरुलाई अवलम्बन गर्ने।

१३) बस्ती,समुदाय ,वडा र गाउँपालिका स्तरका योजना प्रकृयाहरुमा बालबालिकाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने र बालबालिकाहरुका सवाल, समस्या तथा सरोकारहरु राख्ने।

देवराज चौधरी
अध्यक्ष

CamScanner